लोक सेवा आयोग

# सूचना-पत्र

BULLETIN

साप्ताहिक

(बुधवार प्रकाशित हुने)

| वर्ष ३६ | २०७६ जेठ ८ गते | अंक ४५ |
|---|---|---|
| YEAR 36 | 22 MAY 2019 | NO. 45 |


## विषयसूची


पृष्ठ

१. परीक्षा भवन कायम गरिएको सूचना ... २

(क) राजपत्रांकित प्रथम र द्वितीय श्रेणी (अप्राविधिक)

२. विविध ... २

(क) संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी सूचना


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# लोक सेवा आयोग, केन्द्रीय कार्यालय
## परीक्षा सञ्चालन शाखा
## परीक्षा भवन कायम गरिएको सूचना
### सूचना नं. ५२५/०७५-७६

आयोगबाट पूर्व प्रकाशित देहायका विज्ञापन, सेवा, समूह तथा पदको प्रतियोगितात्मक लिखित परीक्षाको परीक्षा भवन तपसिलमा उल्लेख भए बमोजिम निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | वि.नं. | पद, सेवा, समूह, श्रेणी | किसिम | प्रथम पत्र (दिनको १:०० बजे) | द्वितीय पत्र (दिनको १:०० बजे) | तृतीय पत्र (दिनको १:०० बजे) | परीक्षा केन्द्र | रोल नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | १६६८७/०७५-७६ | सहसचिव वा सो सरह, परराष्ट्र, रा.प.प्रथम | आ.प्र. | २०७६-०२-१९ | २०७६-०२-२० | २०७६-०२-२१ | लोक सेवा आयोग, अनामनगर। | सबै परीक्षार्थी |
| २. | १६६८८/०७५-७६ | उपसचिव वा सो सरह, परराष्ट्र, रा.प.द्वितीय | आ.प्र. | २०७६-०२-२४ | २०७६-०२-२५ | - | नेपाल मेगा कलेज, बबरमहल। | |

# सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
## संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी सूचना
### सूचना नं. ५२६/०७५-७६

नेपालको संविधानको धारा २४३ को उपधारा (२) बमोजिम संगठित संस्थाका रिक्त पदमा पदपूर्तिको लागि लोक सेवा आयोगबाट लिखित परीक्षा सञ्चालन हुँदै आइरहेको र सबै संगठित संस्थाहरुलाई **संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४** बमोजिम नियम, विनियमहरु परिमार्जन गर्न परामर्शको लागि आयोगमा पठाउन यस पूर्व नै परिपत्र गरिसकिएको छ। सामान्य सिद्धान्त अनुकूल हुने गरी नियम, विनियमहरुमा परिमार्जन हुन नसकेका संगठित संस्थाहरुको पदपूर्ति सम्बन्धी काम कारवाही अगाडी बढाउन नसकिने व्यहोरा समेत अवगत गराइसकिएको छ।

यसै सिलसिलामा आगामी **आ.व. २०७६/७७** मा पदपूर्ति गर्नुपर्ने संगठित संस्थाहरुले पदपूर्ति गर्नुपर्ने पदहरुको विवरण तथा समय तालिका समेत उल्लेख गरी यही मिति **२०७६/०२/३१ भित्र** आयोगको सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा (परीक्षा सञ्चालन शाखा) मा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन र सो मितिभित्र विवरण उपलब्ध नगराउने संगठित संस्थाहरुको **पदपूर्ति कार्यक्रम आयोगको वार्षिक कार्यतालिकामा समावेश नहुने** व्यहोरा समेत सम्बन्धित सबै संगठित संस्थाहरुको जानकारीको लागि अनुरोध छ। विवरण पठाउनुपर्ने फारामको ढाँचा आयोगको वेभसाइट www.psc.gov.np मा राखिएको छ। यस सम्बन्धी थप जानकारीको लागि फोन नं. ०१-४७७१३२० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेलः: info@psc.gov.np वेभसाइटः www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ८९७९, काठमाडौं
मूल्य रु. २।- (दुई)
२०७६/२/८ गते बुधबार